दुहुँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिकिला, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. - २०७७/०७८
च.नं. -

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/२२)

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.स. २०७६/०७७ च.नं. २३, मिति २०७७/०४/१२ को पत्रानुसार यस दुहुँ गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-
   क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
   ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ।
   - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
   - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

   ग) उमेरः- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थानः- दुहुँ गाउँ कार्यपालिकाको कार्यालय, हिकिला, दार्चुला

३. दरखास्त दिने अन्तिम मितिः २०७७/०५/०४

४. आवेदनको दस्तुरः- रु. ४००/-

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - नागरिकता
   - न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
   - चारित्रिक प्रमाण पत्र
   - अनुभव खुल्ने कागजात
   - २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः- गाउँपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- गाउँपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ।

नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ र यस कार्यालयबाट समेत उपलब्ध हुनेछ।